खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खत्याड, मुगु
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७ मिति : २०७७/०३/२८
चलानी नं. : १५६२

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६, को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस खत्याड गाउँपालिकाका ११ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भइ तोकिएको ढाँचामा निवेदन दिइ २०७७ साल श्रावण मसान्तभित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने लाभग्राहीको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु

- लाभग्राहीको नागरिकताको प्रतिलिपि
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपि
- सम्बन्ध बिच्छेद गरी अर्को बिवाह नगरेकी महिलाको हकमा सम्बन्ध बिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को बिवाह नगरेको प्रमाण, नागरिकताको प्रतिलिपि
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाण, नागरिकताको प्रतिलिपि
- अपाङ्गता भएको व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि

पुनश्च : १) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभागको निर्देशनअनुसार **६० वर्षभन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता (आंशिक अपाङ्गता) भएका व्यक्तिहरुको** हकमा नयाँ दर्ताको लागि बिभागबाट अर्को सूचना जारी नभएसम्मको लागि नयाँ दर्ता तथा नवीकरण नगर्नुहुन ।

२) सम्बन्धित वडा सचिवले आफ्नो वडाको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीको माथि उल्लेखित कागजातहरु अनिवार्य संकलन गरी छुट्टा छुट्टै फाइलिङ्ग गरी राख्नुहुन ।

३) सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचनासाथ संलग्न छ ।

(दिप बहादुर कार्की)
नि. प्रमुख प्रशासकीय अधिकृत


Email : khatyad.gaupalika@gmail.com, ito.khatyadmun@gmail, khatyadversp@gmail.com

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने निवेदनको ढाँचा

श्री वडा अध्यक्ष ज्यू,

वडा नं. ............, खत्याड गाउँपालिका, मुगु ।

**विषय** : सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराई पाउँ ।

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली ,२०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने प्रावधान बमोजिम आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनको लागि देहायको विवरण सहित यो दरखास्त पेश गरेको छु । मैले राज्य कोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै पनि सुविधा पाएको छैन । व्यहोरा ठिक साँचो हो, झुठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

**सामाजिक सुरक्षा भत्ताको किसिम** : (उपयुक्त कुनै एकमा चिन्ह लगाउने )

| | | |
|---|---|---|
| ☐ ज्येष्ठ नागरिक | ☐ कर्णाली ज्येष्ठ नागरिक | ☐ एकल (विधवा) महिला |
| ☐ बालबालिका | ☐ पूर्ण अपाङ्ग | ☐ अति अशक्त अपाङ्ग |

**निवेदकको :**

दस्तखत :

लाभग्राहीको नाम, थर :

ठेगाना :

लिङ्ग :

परिचयपत्र नं.:

सम्पर्क नं.:

**बालबालिका वा अपाङ्गताको हकमा :**

संरक्षकको नाम, थर :

संरक्षकको दस्तखत :

सम्पर्क मोबाइल नं.:

**कार्यालय प्रयोजनका लागि :**

परिचयपत्र नवीकरण निर्णय मिति :

भत्ताको किसिम :

परिचयपत्र नं.: